नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय
२०६४

**(झ) निर्णयउपर उजुरी सुन्ने अधिकारी**

कार्यालयबाट प्रदान गरिएको कार्य/सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा दैनिक प्रशासनिक प्रकृया अन्तर्गतका सेवाको लागि गुनासो सुन्ने अधिकृत मार्फत कार्यकारी सचिव समक्ष गुनासो गर्न सकिने व्यवस्था छ । प्राप्त उजुरी र गुनासोहरु कार्यकारी सचिवबाट सुनुवाई हुने व्यवस्था छ ।

**(ञ) चालु आर्थिक बर्ष २०८२।८३ को चैत्र मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण**

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम | बजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०१०३०११३ चालु | नेपाल ट्रष्ट | ५७४०२ | ३८७४२ | ६७.४९ |
| २ | ३०१०३०११४ पूँजीगत | नेपाल ट्रष्ट | १००० | ९३२ | ९३.२० |

**(ट) सम्पादन गरेको कामको विवरणः**

१. ट्रष्टको सम्पत्ति खोजविन कार्यक्रम अनुरुप दुईवटा जाजरकोट र डोल्पा जिल्लाहरुमा सम्पत्ति खोजविन कार्य गरिएको ।
२. नेपाल ट्रष्टको स्वामित्वमा रहेको गोकर्ण राजनिकुञ्जमा ४०० मिटर फेन्सिङ्ग कार्य भैरहेको ।
३. विभिन्न ७ स्थानमा रहेका जग्गाहरुको लिज र भाडामा लगाउने प्रयोजनको लागि प्राविधिक मूल्याङ्कन कार्यको प्रतिवेदन प्राप्त भएको ।
४. टेकु बुद्धबारी स्थित घरजग्गाको लिजभाडामा लगाउने प्रयोजनार्थ प्राविधिक मूल्याङ्कन गराउने कार्य अगाडि बढेको ।
५. कान्ति ईश्वरी गृह, मकवानपुर, हेटौंडा परिसरको वाटिकामा फूलका विरुवाहरु मल लगायत गमला खरिद तथा विरुवा रोपण कार्य गरिएको ।
६. पोखरा स्थित रत्नमन्दिर परिसरमा मर्मत सुधार तथा रङ्गरोगन कार्यको प्रस्ताव मूल्याङ्कन कार्य सम्पन्न भएको ।
७. छाउनी स्थित विजयाघर पूर्ण रुपमा खाली गराई सरसफाईको काम गरेको ।
८. चितवन स्थित दियालो बंगलामा रङ्गरोगन तथा फेन्सिङ्गको काम सम्पन्न भएको ।
९. कार्यालयको Business Process Re- Engineering (BPR) तयार गरी प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा पठाइएको ।
१०. कार्यालय अन्तर्गत सम्पूर्ण पदको कार्य विवरण र कार्य सूचक अध्यावधिक गरिएको ।
११. सम्पूर्ण कर्मचारीहरुलाई कर्मचारीको आचार संहिता पालना गर्ने/ गराउने व्यवस्था मिलाइएको ।

नेपाल सरकार
नेपाल ट्रष्टको कार्यालय
२०६४

१२. नेपाल ट्रष्टको कार्यालयको आ.व. २०८१।८२ को अन्यसम्म प्राप्त हुन आएका सम्पत्तिको अभिलेख गरिएको ।

१३. ट्रष्टको स्वामित्वमा रहेका विभिन्न स्थानमा रहेका सम्पत्ति आवश्यकता अनुसार अनुगमन निरीक्षण गरिएको ।

**(ठ) कार्यालय प्रमुखको नाम र पद :-**

श्री प्रमिला देवी बज्राचार्य, कार्यकारी सचिव
सम्पर्क नं. ०१५३२५४६५ र ५३२७७५९

**सूचना अधिकारीको नाम र पद :-**

श्री सोमराज बराल, उपसचिव
सम्पर्क नं. ०१५३२०४५१

**(ड) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

नेपालको अन्तरिम संविधान २०६३,
नेपाल ट्रष्ट ऐन, २०६४
निजामती सेवा ऐन, २०४९
सार्वजनिक खरिद ऐन, २०६३
सार्वजनिक खरिद नियमावली, २०६४
सूचनाको हक सम्बन्धी ऐन, २०६४
सूचनाको हक सम्बन्धी नियमावली, २०६५
नेपाल ट्रष्ट नियमावली, २०६५
सम्पत्ति खोजविन कार्यविधि, २०६७
नेपाल ट्रष्टको स्वामित्वमा रहेका जग्गा छोटो अवधिको भाडामा दिने कार्यविधि,२०७६

**(ढ) जग्गा जमिन सम्बन्धी अद्यावधिक विवरणः**

मिति २०६४ मंसिर ६ गतेका दिन नेपाल ट्रष्टको स्थापना भएपछि आ.व. २०८१।८२ को अन्त्यसम्ममा आइपुग्दा नेपालका १२ जिल्लामा गरी कूल क्षेत्रफल २१,६३३-१५-०-० रोपनी जग्गा नेपाल ट्रष्टको स्वामित्वमा आइसकेको छ । त्यसै गरी नबिल बैंक लिमिटेडको शेयर संख्या १२६२२६५ कित्ता, होटल डेला अन्नपूर्णको शेयर संख्या ३०,७२० कित्ता र राष्ट्रिय वाणिज्य बैंकको ६,७५० कित्ता शेयर रहेको छ ।

